मिति २०८०।०५।२२गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा वसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८०।०५।२२ गते।

बैठक वसेको समयः बिहान ८.०० बजे।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री तिलक बहादुर वस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | गाउँ कार्यपालिका सदस्य | |
| १९. | श्री लोक बहादुर विक | गाउँ कार्यपालिका सदस्य | |
| श्री सन्तोष घिमिरे, प्रमुख प्रशासकीय अधिकृत | | गाउँ कार्यपालिका सचिव | |
| अन्य उपस्थितिः | | | |
| श्री युवराज काफ्ले, शिक्षा अधिकृत | | | |
| श्री प्रेमबहादुर लुङ्गेली, जिन्सी शाखा | | | |
| श्री बिमलराज काफ्ले, लेखा सहायक | | | |
| श्री विनिता लामा, सूचना प्रविधि अधिकृत | | | |

श्री चन्द्रिका थापा, का.स.



Scanned with CamScanner

मिति २०८०।०५।२२गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| प्रस्तावहरुः | | |
|---|---|---|
| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा/वडा/विषयगत समिति |
| १. | निर्माणाधीन १५ शैयाको अस्पतालको भवनको स्वीकृतीका लागि सम्बन्धित निकायमा पुनः सहमती माग गर्ने। | पूर्वाधार शाखा |
| २ | क्यान्टिन सञ्चालनका लागि आव्हान भएको ठेक्का पुनः प्रकाशन गर्ने। | राजस्व शाखा |
| ३. | गत विगत आर्थिक वर्षमा ७ नं. वडा तोश्रामखोला स्थित श्री गौरीशंकर कृषि तथा पशुपंक्षी महिला समुहसँगको साझेदारीमा खरिद गरिएको सवारीसाधन कार्यालयमा ल्याउने। | जिन्सी शाखा |
| ४. | करार सेवामा गाउँ शिक्षक अनुदानमा नियुक्त भएका शिक्षकको सम्झौता आर्थिक वर्ष २०८०।०८१ का लागि नवीकरण गर्ने। | शिक्षा शाखा |
| ५. | २ नं. वडा कार्यालयको भवन सोही वडाको आधारभूत स्वास्थ्य केन्द्र रहेको स्थानमा निर्माण गर्ने। | पूर्वाधार शाखा |
| ६. | वर्षातका कारण गाउँपालिका क्षेत्रभित्र बिग्रे/भत्केका सबै सडक तत्काल मर्मतसम्भार गर्ने। | पूर्वाधार शाखा |
| ७. | बाढी पहिरोको विषयमा छलफल गर्ने | विपद् |
| ८. | प्रमुख प्रशासकीय अधिकृतको विदाई गर्ने। | सबै |
| ९. | विविध। | सबै |

**निर्णय नं. (१)**

प्रस्ताव नं. (१) माथि छलफल गर्दा तीनपाटन गाउँ कार्यपालिकाको मिति २०७७।११।२६ गतेको निर्णयले तीनपाटन गाउँपालिकाको १५ शैया अस्पताल भवनको स्वास्थ्य भवन पूर्वाधारको डिजाइन तथा निर्माण सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७७ बमोजिम श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा डिजाइन स्वीकृतीका लागि लेखी पठाइएकोमा हालसम्म पनि उक्त डिजाइन स्वीकृतको सहितको सहमती प्राप्त हुन नआएको विषयमा बैठकमा छलफल भयो। उक्त अस्पताल भवनको विस्तृत परियोजना प्रतिवेदन बमोजिम ठेक्का बन्दोबस्त भई निर्माण कार्य तीव्ररुपमा भैरहेकोले मिति २०७७।११।२६ गतेको कार्यपालिकाको बैठकको निर्णय बमोजिम श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पुन सहमती माग गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (२)**

प्रस्ताव नं. (२) माथि छलफल गर्दा क्यान्टिन सञ्चालनका लागि गाउँ कार्यपालिकाको मिति २०८०।०४।१३ गतेको निर्णयले सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सूचनामा तोकिएको समयावधिमा जम्मा दुई जना व्यक्तिले मात्र ठेक्का प्रकृयामा भाग लिएको पाइएको हुँदा पुनः ठेक्का प्रकाशन गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतिले पारित गरियो।

**निर्णय नं. (३)**

प्रस्ताव नं. (३) माथि छलफल गर्दा कृषिजन्य उपजको प्रवर्द्धनका लागि विगतमा ७ नं. वडा तोश्रामखोला स्थित श्री गौरीशंकर कृषि तथा पशुपंक्षी महिला समुहसँगको साझेदारीमा खरिद गरिएको सवारीसाधन २४ घण्टाभित्र कार्यालयमा ल्याउने व्यवस्था मिलाउन जिन्सी शाखालाई निर्देशन दिने र साझेदारीमा खरिद गरिएको उक्त सवारीसाधनमा गाउँपालिका र उक्त संस्थाबाट भएको लगानी र हालसम्मको आम्दानी समेतलाई विश्लेषण गरी १५ दिनभित्र कार्यपालिकामा प्रतिवेदन पेश गर्न देहाय बमोजिमको समिति गठन गर्ने निर्णय समेत सर्वसम्मतीले पारित गरियो।

| | |
|---|---|
| ७ नं. वडा अध्यक्ष श्री युवराज पहाडी | -संयोजक |
| मान बहादुर समाल, सहायक पाँचौं | -सदस्य |
| गाउँपालिकाका अध्यक्षले तोकेको प्राविधिक | -सदस्य |
| गौरीशंकर कृषि तथा पशुपंक्षी महिला समुहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि एकजना | -सदस्य |
| जिन्सी शाखा प्रमुख श्री प्रेम बहादुर लुङ्गेली | -सदस्य सचिव |

**निर्णय नं. (४)**

प्रस्ताव नं. (४) माथि छलफल गर्दा गत आर्थिक वर्षमा करार सेवामा गाउँ शिक्षक अनुदानमा नियुक्त भएका सबै तहका गाउँ शिक्षकहरुको सम्झौता आर्थिक वर्ष २०८०।०८१ मा समेत नवीकरण गरी म्याद थप गर्ने व्यवस्था मिलाउन शिक्षा शाखालाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (५)**

प्रस्ताव नं. (५) माथि छलफल गर्दा एकै स्थानबाट स्वास्थ्य र वडा कार्यालयबाट सेवा प्रवाह गर्ने उद्देश्यका साथ २ नं. वडाको वडा कार्यालय भवन सोही वडाको आधारभूत स्वास्थ्य सेवा केन्द्र रहेको स्थानमा नै



कर्ण बहादुर मगर
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

निर्माण गर्ने र पुरानो वडा भवनमा कृषि र पशु सेवा केन्द्र सञ्चालनमा ल्याउने निर्णय सर्वसम्मतीले पारित गरियो। यसका साथै २ नं. वडाको आधारभूत स्वास्थ्य सेवा केन्द्रको परिसरमा अन्दाजी एक कट्टा जमिन व्यक्तिको समेत परेको भनी अनौपचारिक जानकारी प्राप्त हुन आएको हुँदा यस विषयमा निक्यौंल गरी उक्त जमिन जग्गा प्राप्ति ऐन बमोजिम अधिग्रहण गर्ने व्यवस्था मिलाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (६)**

प्रस्ताव नं. (६) माथि छलफल गर्दा बर्षातका कारण गाउँपालिका क्षेत्रभित्र विग्रे भत्केका सबै सडकहरु तत्काल मर्मतसम्भार गर्न सबै वडा कार्यालयहरुले स्थलगतरुपमा विग्रे भत्केको स्थान पहिचान गरी प्राविधिकबाट लागत अनुमान गर्न लगाउने र उक्त कार्य स्थानीयस्तरमा उपभोक्ताहरुको भेला गराई उपभोक्ता समिति गठन गरी मर्मत कार्य गर्ने व्यवस्था मिलाउने र, गाउँपालिकाको मुल सडकको हकमा गाउँपालिका स्तरीय उपभोक्ता समिति गठन गरी उल्लिखित बमोजिम नै सडक मर्मत गर्ने व्यवस्था मिलाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (७)**

प्रस्ताव नं. (७) माथि छलफल गर्दा बाढी पहिरोका कारण प्रभावित व्यक्ति तथा निकायहरुलाई तीनपाटन गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०८० बमोजिम तत्काल राहत उपलब्ध गराउनका लागि विपद् व्यवस्थापन शाखालाई मेश्की उपलब्ध गराउने र सोही ऐनमा व्यवस्था भए बमोजिम राहत उपलब्ध गराउने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (८)**

प्रस्ताव नं. (८) माथि छलफल गर्दा यस गाउँपालिकाबाट श्री लालीगुराँस नगरपालिका, तेह्रथुम सरुवा भई जान लाग्नु भएका प्रमुख प्रशासकीय अधिकृत श्री सन्तोष घिमिरेले यस गाउँपालिकामा रहँदाका वखत पुर्याउनु भएको योगदानको उच्च कदर गरी कदर पत्र सहित सम्मान गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (९)**

प्रस्ताव नं. (९) माथि विविध उपर छलफल गर्दा-

क. १ नं. वडामा अवस्थित नेपाल रेडक्रस सोसाइटी भवन निर्माण गर्न जग्गा अपूग भएकाले उक्त जग्गा व्यवस्थापन गर्न प्रचलित कानून बमोजिम दुई लाख पचास हजार रुपैंया बराबरको अनुदान सहयोग समपूरक कोषबाट उपलब्ध गराउने निर्णय सर्वसम्मतिले पारित गरियो।

ख. यही मिति २०८० साल भदौ २९ गते यस गाउँपालिकाको ५ नं. वडालाई बालमैत्री वडा घोषणा गर्ने कार्यक्रम आयोजना गर्ने र उक्त कार्यक्रमको साझेदार संस्था श्री रिलिफ नेपाल सिन्धुलीसँग पनि खर्च साझेदारीको अनुरोध गर्दै सो दिनको कार्यक्रमका लागि अधिकतम दुई लाख रुपैंयामा नबढ्ने गरी कार्यक्रम खर्चको व्यवस्थापन गाउँपालिकाबाट गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

कर्ण बहादुर मगर
गाउँपालिका अध्यक्ष

ग. जिल्ला प्रहरी कार्यालय, सिन्धुलीको चलानी नं ३३२, मिति २०८०।०५।३१ गतेको पत्रबाट उक्त कार्यालयको संवारीसाधन ना १ झ १४१८ मर्मतको लागि अनुरोध भई आएकोमा बढीमा नब्बे हजार रुपैयासम्मको मर्मत गाउँपालिकाबाट व्योहोर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

घ. सरकारी कामको सिलसिलामा गाउँपालिकाका अध्यक्षज्यू स्वयंले भ्रमण आदेश स्वीकृत गरी काममा खटिनु भएको विषय उपर बैठकमा जानकारी भयो र उक्त भ्रमण आदेश अनुमोदन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

कर्ण बहादुर मगर
गाउँपालिका अध्यक्ष



Scanned with CamScanner